नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा युवा तथा खेलकूद शाखा
कर्णाली प्रदेश, नेपाल
दल्ली, जाजरकोट
Email : bbbrisang@gmail.com
ईमेल : ito.nalgaadmun@gmail.com

पत्र संख्या : २०७९।०८०
चलानी नं : ३०५
मिति : २०८०।०१।०३

**विषय : शैक्षिक सत्र २०८० को विद्यार्थी भर्ना सम्बन्धमा ।**

श्री नगरपालिका स्थित सम्पुर्ण सामुदायिक तथा
संस्थागत विद्यालयहरु ।

प्रस्तुत विषयमा " ***समयमै भर्ना, समयमै ज्ञान : गुणस्तरीय शिक्षा, सबैको अभियान*** " भन्ने आदर्श वाक्यका साथ शैक्षिक सत्र २०८० को विद्यार्थी भर्ना कार्यक्रम संचालन गर्ने निर्देशन भए अनुरुप विद्यालय उमेर समुहका सबै बालबालिकाहरुलाई विद्यालय भर्ना गराई शिक्षा प्राप्तिको मौलिक अधिकार सुनिश्चित गर्न सबै विद्यालयहरुले तपशिल बमोजिमका क्रियाकलापहरु गरी विद्यार्थी भर्ना तथा विद्यालय स्वागत कार्यक्रम संचालन गर्न हुन निर्णयानुसार अनुरोध छ ।

०१।०३
शाखा अधिकृत

**तपशिल :**

- ❖ विद्यालय व्यवस्थापन समितिको बैठकबाट नै निर्णय गराई कार्यतालिका सहित विद्यार्थी भर्ना एवं विद्यालय स्वागत कार्यक्रम २०८० वैशाख १ गते देखि बैशाख मसान्त सम्म विद्यालय संचालनको कार्यसमेत संगसंगै गर्नेगरी संचालन गर्ने ।
- ❖ भर्ना हुन आउने बालवालिकाहरुलाई तत्काल भर्ना गरी स्वागत गर्ने र नि:शुल्क पाठ्यपुस्तक उपलब्ध गराउने ।
- ❖ विद्यार्थी भर्नाका लागि आफ्नो सेवाक्षेत्र भित्र व्यापक प्रचार प्रसार र सूचना गर्ने ।
- ❖ शिक्षा शास्त्र विषयमा कक्षा ११ र १२ संचालन भएका विद्यालयहरुले सो तहमा अध्ययनरत विद्यार्थीहरुलाई प्रयोगात्मक कार्यको रुपमा आफ्नो सेवा क्षेत्रभित्र विद्यालय उमेर समुहका विद्यालय बाहिर रहेका बालवालिकाहरुको लगत संकलन, तिनीहरु विद्यालय बाहिर रहनुको कारण एवं समस्या पहिचान गरी विद्यालय भर्नाका लागि घरदैलो जस्ता क्रियाकलापमा परिचालन गर्ने ।
- ❖ विद्यार्थी भर्ना एवं अभिभावकत्त्व ग्रहण गरी भर्ना गर्नेहरुको हकमा सो को समेत अभिलेख व्यवस्थित रुपमा राख्ने र सो विवरण नगरपालिकाको शिक्षा युवा तथा खेलकूद शाखामा संम्प्रेषण गर्ने ।